**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ८, संख्या : ६, असार ३१ गते, २०८१ साल**

व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगर शिक्षा ऐन (तेस्रो संशोधन), २०८१

सभाबाट पारित मिति : २०८१।३।२५

व्यास नगर शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम व्यास नगरपालिकाको नगर सभाबाट व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

१. दफा २ (स) “सुपरीवेक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको **विद्यालय निरीक्षक** वा नगरपालिकाले विद्यालय सुपरिवेक्षणका लागि तोकेको श्रोतव्यक्ति समेत सम्झनु पर्छ **को सट्टा** “सुपरीवेक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको **शिक्षा अधिकृत** वा नगरपालिकाले विद्यालय सुपरिवेक्षणका लागि तोकेको श्रोतव्यक्ति समेत सम्झनु पर्छ राखी संशोधन गरिएको छ ।

२. दफा २ (त्र) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ **को सट्टा** “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई आफ्नै घरमा राखी वा नियमित भरणपोषण गरी संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ” राखी संशोधन गरिएको छ ।

३. दफा १० (१) (झ) “व्यास नगर शिक्षक महासंघको प्रमुख -सदस्य” **को सट्टा** “अपाङ्गता क्षेत्रको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले मनोनित गरेको एक जना सदस्य” भन्ने राखी संशोधन गरिएको छ ।

४. दफा १२ (१२) पछि थप "(१३) सामान्यतः जुन तहको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने हो सोही तहको अध्ययन गरेको अभिभावक हुनु पर्नेछ ।"

५. दफा १५ (१) "(घ) विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना शिक्षक सहित दुई जना -सदस्य" **को सट्टा** "शिक्षा तथा सामाजिक विकास शाखा प्रमुखले तोकेको अधिकृत कर्मचारी एक र सम्बन्धित विद्यालयका शिक्षकले आफू मध्येबाट छनौट गरी पठाएको एक समेत दुई जना -सदस्य" राखी संशोधन गरिएको छ ।

आज्ञाले<br>
काशी राम गैरे<br>
प्रमुख प्रशासकीय अधिकृत